# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

CRO Reg. No. 767/057/58 PAN No.: 301235073

प. सं.: ९८३/२०८०२/०८३

मितिः २०८२/१०/०२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

बिषयः चौविसौं वार्षिक साधारण सभाको निर्णय पेश गरिएको सम्बन्धमा ।

महोदय,

यस वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभा मिति २०८२ पौष २८ गते चितवनमा सम्पन्न भएको र उक्त सभामा पूर्व निर्धारित छलफल तथा निर्णयका लागि प्रस्तावित गरिएका सम्पूर्ण प्रस्तावहरू सर्वसम्मत पारित भएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, उक्त सभाले गरेको निर्णय यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

भवदीय,

(ज्ञानेन्द्रप्रसाद अर्याल)
कम्पनी सचिव

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S. Head Office

**डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय भरतपुर, चितवन**

## चौबिसौं वार्षिक साधारण सभा (आ.व.२०८१/०८२) को काम कारवाहीको विवरण (माईन्यूट)

१. **बैधानिक सभाः**

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२ पौष ६ गते बसेको सञ्चालक समितिको ३८६औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको चौबिसौं वार्षिक साधारण सभा संस्थाको सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री दिपक खनालले पानसमा दीप प्रज्वलन गरी समुद्घाटन तथा सञ्चालन गर्नु भयो । साधारण सभा सम्बन्धी विस्तृत विवरणहरू तपसिल बमोजिम रहेको छ ।

२. **सभाको मिति, स्थान र समयः**

सभाको मितिः  २०८२ पौष २८ गते सोमबार (तदनुसार १२ जनवरी, २०२६)।

सभाको स्थानः  होटल सेभेन लिमिटेड सौराहा, चितवन ।

समयः विहान १०:०० बजे प्रारम्भ भई बिहानको ११:३० बजे सम्पन्न ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र छलफलको विषयहरू सहितको विवरण खुलाईएको सूचना मिति २०८२ पौष ७ गतेको "कारोबार" राष्ट्रिय दैनिक र मिति २०८२ पौष १० गतेको "अन्नपूर्ण" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराईएको थियो । साथै, सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाहको विवरण, लगायत अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा यस वित्तीय संस्थाको वेबसाइटमा प्रकाशन गरिएको उक्त वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूको व्यक्तिगत ठेगानामा यथा समयमा पठाईएको थियो ।

४. **उपस्थितिः**

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री दिपक खनाल | अध्यक्ष | लुम्बिनी विकास बैंक लिमिटेड |
| २ | श्री हिमलाल पौडेल | सञ्चालक | कृषि विकास बैंक लिमिटेड |
| ३ | डा. ववि‍ता श्रेष्ठ | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ४ | श्री आयुषी सापकोटा | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ५ | श्री शिव प्रसाद भट्टराई | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ६ | श्री कमल प्रसाद नेपाल | सञ्चालक | स्वतन्त्र सञ्चालक |

यस वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनी डिप्रोक्स-नेपालको तर्फबाट श्री कृष्ण प्रसाद न्यौपानेले प्रतिनिधित्व गर्नु भएकोमा प्रतिनिधि संस्थाले उहाँलाई फिर्ता बोलाएको हुँदा रिक्त रहेको उक्त संस्थापक समुहको सञ्चालक पदमा यसै सभाबाट बाँकी अवधिको लागि नियुक्ति गर्न प्रस्ताव गरिएको जानकारी अध्यक्षले सभालाई गराउनु भएको थियो ।

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S Head Office

कम्पनी सचिव    अध्यक्ष

४.२ संस्थागत प्रतिनिधिहरूको उपस्थितिः

| क्र.सं. | प्रतिनिधिको नाम | प्रतिनिधित्व |
|---|---|---|
| १ | श्री कैलाश रिजाल | डिप्रोक्स नेपाल |
| २ | श्री प्रदिप कुमार पाठक | नेपाल बैक लिमिटेड |
| ३ | श्री टोप प्रसाद अवस्थी | नविल बैंक लिमिटेड |
| ४ | श्री प्रकाश अर्याल | कृषि विकास बैक लिमिटेड |
| ५ | श्री चन्द्रकला श्रेष्ठ (मास्के) | महिला आदर्श सेवा केन्द्र |
| ५ | श्री नारायण महतो | गरिमा विकास बैक लिमिटेड |

४.३ अन्य पदाधिकारीहरूको उपस्थितिः

| क्र. सं | पदाधिकारीको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री शेषरमण आचार्य | प्रमुख कार्यकारी अधिकृत | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री पुष्पराज अधिकारी | नायब प्रमुख कार्यकारी अधिकृत | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री हेम कुमार काफ्ले | सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री हरी प्रसाद आचार्य | सहायक महाप्रबन्धक | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री ज्ञानेन्द्र प्रसाद अर्याल | कम्पनी सचिव | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |

४.४ शेयरधनीहरूको उपस्थितिः

४.४.१ संस्थापक शेयरधनीः १७ जना

४.४.२ साधारण शेयरधनीः २४५ जना (प्रोक्सी मार्फत २०३)

जम्मा उपस्थित संख्याः २६२ जना

## ५. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | २८,८४२ | २६२ जना | ६२.०४ प्रतिशत |
| जम्मा शेयर कित्ता | १,८६,८२,८५६.९६०८ | १,१५,९१,०१७ | |

## ६. सभाको बैधानिकता र सभापतित्वः

६.१ साधारण सभा शुरू हुनुअघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्याको लागि कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व र कुल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम उपस्थित हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या २६२ जना भएको र कुल शेयरको ६२.०४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी कानुन अनुसार साधारण सभा बैधानिक भएको सभालाई अवगत गराउनु भयो । नियमानुसार साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षबाट हुने व्यवस्थाको जानकारी गराउँदै अध्यक्ष श्री दिपक

खनाललाई चौबिसौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्दै अन्य सञ्चालकहरू, पूर्व सञ्चालकहरू, संस्थागत प्रतिनिधिहरू, आमन्त्रित अतिथि लगायत उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नु भयो ।

६.२ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पूर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नु भयो ।

६.३ संस्थाको चौबिसौ वार्षिक साधारण सभा पानसमा बत्ती बालेर अध्यक्षले उद्घाटन गर्नु भयो ।

६.४ यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नु भयो ।

७. **छलफलको विषयहरू:**

**(क) साधारण प्रस्तावहरू:**

१. अध्यक्षज्यूबाट प्रस्तुत हुने सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन (आ.व.२०८१/०८२) उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वासलात नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू सहितको वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैकबाट वितरण गर्न स्वीकृति भए बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको मुनाफा रकमबाट चुक्ता पुंजीको ५ (पाँच) प्रतिशतले हुन आउने रकम रू.९,३४,१४,२८४/८० (अक्षरेपी नौ करोड चौतिस लाख चौध हजार दुई सय चौरासी रूपैया र पैसा असी मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार यस वित्तीय संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. यस वित्तीय संस्थाको समुह 'क' संस्थापक शेयरधनीहरू मध्येबाट रिक्त रहेको १ जना सञ्चालकको बाँकी कार्यकालको लागि र समुह 'ख' सर्वसाधारण शेयरधनीहरू मध्येबाट ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू:**

१. वित्तीय संस्थाको अधिकृत पुंजी वृद्धि गरी रू. ३ अर्व पुर्‍याउन स्वीकृति प्रदान गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैकबाट वितरण गर्न स्वीकृति भए बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको मुनाफा रकमबाट चुक्ता पुंजीको १० (दश) प्रतिशतले हुन आउने रकम रू.१८,६८,२८,५६९/६१ (अक्षरेपी अठार करोड अठसठ्ठी लाख अठ्ठाईस हजार पाँच सय उनानसत्तरी रूपैया र पैसा एकसठ्ठी मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृति प्रदान गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत् राख्ने ।

३. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,८६,८२,८५,६९६/०८ (अक्षरेपि एक अर्व छयासी करोड बयासी लाख पचासी हजार छ सय छयानब्बे रूपैया पैसा आठ मात्र) रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पुंजी रू.२,०५,५१,१४,२६५/६९ (अक्षरेपि दुई अर्व पाँच करोड एकाउन्न लाख चौध हजार दुई सय पैसठ्ठी र पैसा उनान्सत्तरी मात्र) पुर्‍याउने प्रस्ताव पारित गर्ने ।

४. अधिकृत पुंजी वृद्धि तथा बोनस शेयर जारी पछि कायम हुने संस्थाको जारी र चुक्ता पुंजी बमोजिम यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (क), (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

५. सञ्चालकहरूको बैठक भत्ता सम्बन्धमा छलफल गरी नियमावलीको नियम ३१ मा संशोधन गर्ने ।

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S. Head Office

कम्पनी सचिव अध्यक्ष

६. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त अन्य लघुवित्त वित्तीय संस्थाहरूलाई गाभ्ने/प्राप्ति (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम तथा निर्देशन अनुसार गर्न आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

७. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ग) **विविधः**

८. **सभा सञ्चालन र चौबिसौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

अध्यक्ष एवं सभाका सभापति श्री दिपक खनालले साधारण सभा सञ्चालन गर्दै सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदनका साथै चालु आ.व. को मंसिर मसान्तसम्मको प्रगतिको संक्षिप्त बिवरण सभामा प्रस्तुत गर्नुभयो । सभापतिले सभा समक्ष वित्तीय संस्थाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार पारिएको मिति २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाव, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, स्वामित्व कोषमा भएको परिवर्तन, प्रमुख लेखा नीति, लेखा सम्बन्धी टिप्पणीहरू र वित्तीय विवरणहरू छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८.१ सर्वसाधारण शेयरधनीको तर्फबाट यस वित्तीय संस्थाको सञ्चालक समितिमा श्री रिता पौडेल, श्री रमेश कुमार रघुवंशी र श्री बासु प्रसाद उपाध्यायले प्रतिनिधित्व गरिरहनु भएकोमा व्यक्तिगत कारण जनाई निजहरूले राजीनामा दिनु भएकोले सञ्चालक समितिले उहाँहरूको स्थानमा डा. बविता श्रेष्ठ, श्री आयुषी सापकोटा र श्री शिव प्रसाद भट्टराईलाई बाँकी अवधि (चौबिसौ वार्षिक सभासम्म) को लागि सञ्चालकमा नियुक्ति गरेको जानकारी अध्यक्षले सभालाई गराउनु भएको थियो ।

८.२ स्वतन्त्र सञ्चालकको तर्फबाट यस वित्तीय संस्थाको सञ्चालक समितिमा श्री श्यामकृष्ण दाहालले प्रतिनिधित्व गरिरहनु भएकोमा उहाँको कार्यकाल समाप्त भएकोले सञ्चालक समितिले उक्त स्थानमा श्री कमल प्रसाद नेपाललाई ४ वर्षको लागि नियुक्ति गरेको जानकारी अध्यक्षले सभालाई गराउनु भएको थियो ।

९. **छलफलको लागि आव्हान तथा छलफलमा सहभागी शेयरधनी महानुभावहरूः**

वार्षिक प्रतिवेदनको प्रस्तुती पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयसुचीहरू उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञाशा प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुझावहरू व्यक्त गर्नु भयो:–

१. श्री प्रकाश अर्याल

२. श्री कैलाश रिजाल

३. श्री भरतराज पन्त

**छलफलमा सहभागी शेयरधनी महानुभावहरूबाट व्यक्त मन्तव्य, जिज्ञाशा तथा सुझावहरूको संक्षिप्त विवरणः**

१. **श्री प्रकाश अर्याल**

- संस्थाको समग्र प्रगति राम्रो छ ।
- १० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश दिएकोमा सञ्चालक समितिलाई धन्यबाद ।
- सदस्य बढेको तर ऋणी घटेको छ ।
- ऋणी सदस्य घट्नु राम्रो होईन ।
- कार्यक्रम बिस्तारको लागि Outreach बढाउनु पर्ने ।

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S. Head Office

कम्पनी सचिव अध्यक्ष

- कर्जाको गुणस्तरलाई जोड दिई निष्कृय कर्जा घटाउनु पर्ने ।
- आगामी दिनमा अझ राम्रो प्रतिफल दिन सकोस भनी शुभकामना व्यक्त ।

२. **श्री कैलाश रिजाल**

- संस्था २५ वर्षमा प्रवेश गरेकोमा शुभकामना ।
- तथ्याकंहरू राम्रा र प्रगति उत्कृष्ठ छ ।
- सञ्चालक समिति, उच्च व्यवस्थापन र कर्मचारीहरूलाई धन्यवाद ।
- परिस्थिती अनुकुल छैन, Crisis को वर्ष छ र चुनौतीहरू धेरै छन ।
- पोर्टफोलियो बढनु, बचत बढनु र नाफा बढ्नु राम्रो ।
- ग्राहक सदस्य Retention गर्नको लागि सदस्यसँगको सम्बन्ध बलियो बनाउनु पर्दछ ।
- Business Facilitation मा जोड दिन जरूरी छ ।
- सदस्यहरूलाई Skill Training दिएर उद्यमी बनाउन आवश्यक रहेको ।
- Value chain मार्फत बस्तु बजारीकरण र ग्राहकको व्यावसायिकरणमा जोड दिनु पर्ने ।
- CSR बाट Client related program बढाउनु पर्ने ।
- Business Interaction मा जोड दिनु पर्ने ।
- प्रविधिमैत्री सेवा Ting Ting कर्जा असुली र Product सँगै Financial Literacy लाई पनि जोड्दा उपयुक्त हुने ।
- डिजिटल वित्तीय साक्षरताका कार्यक्रमको माध्यामबाट ग्राहकहरूलाई सुसूशित गर्ने ।

३. **श्री भरत राज पन्त**

- पुंजी वृद्धि गर्ने योजना कसरी रहेको छ ?
- वित्तीय साक्षरता कम भएकोले बढाउनु पर्ने ।

१०. **शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको प्रत्युत्तरः**

शेयरधनी महानुभावहरूले सभामा दिनु भएको सुझावहरू प्रति आभार व्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर अध्यक्षले सामुहिक रूपमा देहाय बमोजिम प्रत्युत्तर दिनु भयोः–

- संस्थाले १५ प्रतिशत लाभांश (१० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश) वितरण गरेको भनी शेयरधनीहरूको तर्फबाट सन्तोष व्यक्त गरिनुले सञ्चालक समितिलाई हौसला र प्रेरणा मिलेको छ ।
- नेपाल राष्ट्र बैकको नीतिगत व्यवस्था अनुसार २ वटा संस्थाबाट कर्जा लिन पाउने व्यवस्था रहेता पनि हामीले एक वटा संस्थाबाट मात्र कर्जा कारोवार गर्न सदस्यहरूलाई सुसूचित गर्ने गरेकोले ऋणी संख्या घटेको छ ।
- राम्रा ऋणीहरू समेत कर्जा मिनाहा हुन्छ भन्ने भ्रममा रहेकोले निष्कृय कर्जा बढेको छ ।
- निष्कृय कर्जा असुलीको लागि कार्यविधि बनाएर प्याकेज ल्याएका छौ र सोको प्रभावकारीता राम्रो भएको छ ।
- निष्कृय कर्जा पाँच प्रतिशत भन्दा कम ल्याउनको लागि प्रयास गरिरहेका छौं ।
- विभिन्न ग्राहक मैत्री कार्यक्रम, वित्तीय साक्षरता र संस्थागत सामाजिक उत्तरदायित्वको कार्यक्रम मार्फत लघुवित्त क्षेत्रमा देखिएका भ्रमहरू हटाउनको लागि प्रयास गरिरहेका छौं ।
- प्रविधिमैत्री सेवा, Ting Ting कर्जा असुली र Product लाई मात्र नभई Financial Literacy लाई पनि समावेश गरेका छौ । साथै, शेयरधनीहरूले दिनु भएको सुझाव बमोजिम वित्तीय साक्षरता कार्यक्रमलाई थप प्रभावकारी बनाउने छौं ।
- शेयरधनीहरूलाई हरेक वर्ष राम्रो लाभांश दिने योजना अनुसार संस्थाको अधिकृत पुंजी बढाईएको हो ।

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S. Head Office

कम्पनी सचिव अध्यक्ष

- कर्मचारीहरूलाई काम प्रति उत्प्रेरित गर्न विभिन्न किसिमका तालिमहरू दिई कर्मचारीको मनोबल बढाउने किसिमले काम गरिरहेका छौं ।

११. **सभाको निर्णयः**

अध्यक्षबाट प्रत्युत्तर प्रस्तुत भए पश्चात साधारण सभामा छलफलका लागि पूर्व निर्धारित विषयहरू पारित गर्न पेश गरिएका प्रस्तावहरू करतलध्वनीका साथ पारित गरी दिन सभापतिले अनुरोध गर्नुभयो । तत्पश्चात सभापतिको निर्देशन बमोजिम कम्पनी सचिव श्री ज्ञानेन्द्रप्रसाद अर्यालले साधारण तथा विशेष प्रस्तावहरू एक एक गरी क्रम अनुसार साधारण सभा समक्ष पेश गरे पछि शेयरधनीज्यूहरूबाट करतलध्वनीका साथ स्वीकृति प्रदान गर्नु भएकोले सभापतिले तपसिल बमोजिमका सबै प्रस्तावहरू चौबिसौं वार्षिक साधारण सभाबाट सर्वसम्मतिले पारित भएको जानकारी सभा समक्ष जानकारी गराउनु भयो ।

(क) **साधारण प्रस्ताव तर्फः**

१. अध्यक्षले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन (आ.व.२०८१/०८२) सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा तत्सम्बन्धी अनुसूचीहरू सहितको वार्षिक वित्तीय विवरण सर्वसम्मतिले पारित गरियो ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैकबाट वितरण गर्न स्वीकृति भए बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८१/०८२ सम्मको मुनाफा रकमबाट चुक्ता पुँजीको ५ (पाँच) प्रतिशतले हुन आउने रकम रू.९,३४,१४,२८४/८० (अक्षरेपी नौ करोड चौतिस लाख चौध हजार दुई सय चौरासी रूपैया र पैसा असी मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव गरिएकोमा सर्वसम्मतिबाट लेखापरीक्षण समितिको सिफारिस बमोजिम के.एम.यु एण्ड एसोसिएटस् चाटर्ड एकाउण्टेण्ट्सलाई बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने र आ.व. २०८२/०८३ को बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिर्पोट, दफा ७८ र संस्थागत सुशासन प्रतिवेदन प्रमाणित गर्नुका साथै लेखापरीक्षणको क्रममा हुने भ्रमण, आवास, खाना तथा खाजा खर्च सहित जम्मा रू.१०,००,०००/- (मुल्य अभिवृद्धि कर बाहेक) पारिश्रमिक उपलब्ध गराउने निर्णय पारित गरियो ।

५. वित्तीय संस्थाको सञ्चालक समितिमा समुह "क" संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको बाँकी अवधि र समुह "ख" सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने कार्यक्रम अनुसार उक्त कार्यको लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री पोषणराज लामिछानेलाई सभामा निर्वाचन सम्बन्धमा जानकारी गराउन र परिणाम घोषणा गरिदिनु हुन अनुरोध गरिएकोमा उहाँले निर्वाचन सम्बन्धमा भए गरेका कामको विस्तृत जानकारी गराउँदै संस्थापक शेयरधनीहरूको तर्फबाट नेपाल बैक लिमिटेडबाट प्रतिनिधित्व गर्नु भएका श्री प्रदिप कुमार पाठक बाँकी अवधिको लागि र सर्वसाधारण शेयरधनीहरूको तर्फबाट क्रमशः श्री शिव प्रसाद भट्टराई, श्री आयुषी सापकोटा र श्री पुष्कर नाथ भण्डारी आगामी ४ वर्षे कार्यकालको लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । सभाबाट निर्वाचन परिणामलाई समर्थन भए पश्चात् नव-निर्वाचित सबै सञ्चालकहरूलाई हार्दिक स्वागत गर्दै उहाँहरूको कार्यकालको सफलताको कामना गरियो । साथै, यस अघि सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएका सञ्चालक डा.बबिता श्रेष्ठले यस वित्तीय संस्थालाई पुऱ्याउनु भएको योगदान प्रति धन्यवाद दिंदै हार्दिक आभार व्यक्त गरियो ।

Deprosc Laghubitta Bittiya Sanstha Limited 2057 B.S. Head Office

कम्पनी सचिव अध्यक्ष

**(ख) बिशेष प्रस्ताव तर्फः**

१. वित्तीय संस्थाको अधिकृत पुंजी रू. २ अर्वबाट वृद्धि गरी रू. ३ अर्व पुऱ्याउने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैकबाट वितरण गर्न स्वीकृति भए बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको मुनाफा रकमबाट चुक्ता पुंजीको १० (दश) प्रतिशतले हुन आउने रकम रू.१८,६८,२८,५६९/६१ (अक्षरेपी अठार करोड अठसठ्ठी लाख अठ्ठाईस हजार पाँच सय उनान्सत्तरी रूपैया र पैसा एकसठ्ठी मात्र) बराबरको बोनस शेयर बितरण गर्न र बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत् राख्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू.१,८६,८२,८५,६९६/०८ (अक्षरेपि एक अर्ब छयासी करोड बयासी लाख पचासी हजार छ सय छयानब्बे रूपैया पैसा आठ मात्र) रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पुंजी रू. २,०५,५१,१४,२६५/६९ (अक्षरेपि दुई अर्व पाँच करोड एकाउन्न लाख चौध हजार दुई सय पैसठ्ठी र पैसा उनान्सत्तरी मात्र) पुऱ्याउने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. अधिकृत पुंजी वृद्धि तथा बोनस शेयर जारी पछि कायम हुने संस्थाको जारी र चुक्ता पुंजी बमोजिम यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (क), (ख) र (ग) मा आवश्यक संशोधन गर्ने प्रस्ताव निम्न बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाले सर्वसम्मतिबाट पारित गरियो ।

| दफा उपदफा | हाल भएको व्यवस्था | संशोधन प्रस्ताव |
|---|---|---|
| ५ | वित्तीय संस्थाको पुंजीको संरचनाः | वित्तीय संस्थाको पुंजीको संरचनाः |
| ५(क) | वित्तीय संस्थाको अधिकृत पुंजी रू.२,०००,०००,०००/– (अक्षरेपी दुई अर्ब मात्र) हुनेछ । सो पुंजीलाई रू. १००/– का दरका २०,०००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको अधिकृत पुंजी रू.३,०००,०००,०००/– (अक्षरेपी तीन अर्ब मात्र) हुनेछ । सो पुंजीलाई रू. १००/– का दरका ३०,०००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५(ख) | वित्तीय संस्थाको जारी पुंजी रू.१,८६,८२,८५,६९६/०८ (अक्षरेपि एक अर्व छयासी करोड बयासी लाख पचासी हजार छ सय छयानब्बे र पैसा शुन्य आठ मात्र) हुनेछ । सो पुंजी लाई प्रति शेयर रू. १००/– का दरका १,८६,८२,८५६.९६०८ (एक करोड छयासी लाख बयासी हजार आठ सय छपन्न दशमलव नौ छ शुन्य आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रू.२,०५,५१,१४,२६५/६९(अक्षरेपि दुई अर्व पाँच करोड एकाउन्न लाख चौध हजार दुई सय पैसठ्ठी र पैसा उनान्सत्तरी मात्र) हुनेछ । सो पुंजी लाई प्रति शेयर रू. १००/– का दरका २,०५,५१,१४२.६५६९ (दुई करोड पाँच लाख एकाउन्न हजार एक सय बयालिस दशमलव छ पाँच छ नौ) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ५(ग) | वित्तीय संस्थाको चुक्ता पुंजी रू.१,८६,८२,८५,६९६/०८ (अक्षरेपि एक अर्व छयासी करोड बयासी लाख पचासी हजार छ सय छयानब्बे र पैसा शुन्य आठ मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुंजी रू.२,०५,५१,१४,२६५/६९(अक्षरेपि दुई अर्व पाँच करोड एकाउन्न लाख चौध हजार दुई सय पैसठ्ठी र पैसा उनान्सत्तरी मात्र) हुनेछ । |

५. सञ्चालकहरूको बैठक भत्ता समय सापेक्ष वृद्धि गर्नु परेकोले यस वित्तीय संस्थाको नियमावलीको नियम ३१ को उपनियम (१) को (ख) मा संशोधनको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव

गर्नु भएकोमा निम्न बमोजिम नियमावलीमा संशोधन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गरियो ।

| नियम उपनियम | हाल भएको व्यवस्था | संशोधन प्रस्ताव |
|---|---|---|
| ३१ | सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था | सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था |
| १ (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक रू. ८,०००/- (अक्षरेपी आठ हजार मात्र) हुनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता प्रति बैठक रू.११,०००/- (अक्षरेपी एघार हजार मात्र) र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठ रू. १०,०००/- (अक्षरेपी दश हजार मात्र) हुनेछ । |

६. यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त अन्य लघुवित्त वित्तीय संस्थाहरूलाई गाभ्ने/प्राप्ति (Merger/ Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम तथा निर्देशन अनुसार आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा उल्लेखित कार्यहरू गर्नको लागि सर्वसम्मतिले सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गरियो ।

७. उल्लेखित विशेष प्रस्तावहरू नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप नियमनकारी निकायको निर्देशन तथा प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन/परिमार्जन गर्न सर्वसम्मतिले सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गरियो ।

(ग) **बिविधः** केही नभएको ।

१२. **धन्यवाद ज्ञापनः**

छलफल तथा निर्णयको क्रम समाप्त भए पछि अध्यक्षले शेयरधनी महानुभावहरूले छलफलमा सक्रिय रूपमा सहभागी भई महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नु भएकोमा आभार व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई चौबिसौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू, आमन्त्रित अतिथिहरू, पत्रकार लगायत सम्बन्धित सवैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जनः**

अन्तमा, छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षले साधारण सभा सफलतापूर्वक सम्पन्न भएको घोषणा सहित बिहानको ११:३० बजे सभा बिसर्जन गर्नु भयो ।

(ज्ञानेन्द्रप्रसाद अर्याल)
कम्पनी सचिव

कम्पनी सचिव

Deprosc Laghubitta Bittiya Sanstha Limited
2057 B.S
Head Office

(दिपक खनाल)
अध्यक्ष

अध्यक्ष

मितिः २०८२ पौष २८ गते सोमबार बिहानको ११:३० बजे ।